| | |
|---|---|
| १२२. | मा. शिशिर खनाल |
| १२३. | मा. विद्या भट्टराई |
| १२४. | मा. हेमराज राई |

**संशोधनको विवरणः**

| क्र.स. | संशोधन प्रस्तुतकर्ता | दफा | संशोधनको व्यहोरा |
|---|---|---|---|
| १. | मा. दिलेन्द्र प्रसाद बडु,<br>मा. मैना कार्की,<br>मा. रामनाथ अधिकारी | प्रस्तावना | विधेयकमा रहेको प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राख्नु पर्नेः<br>"नेपालको संविधानको धारा २८५ बमोजिम सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको शर्त सम्बन्धी व्यवस्था गरी सो सेवालाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध, राष्ट्रहित र नागरिक सेवाप्रति समर्पित, जनउत्तरदायी, समावेशी, स्वच्छ, सदाचार र उच्च मनोबलयुक्त तथा पेशागत रूपमा सक्षम, व्यावसायिक र प्रविधिमैत्री बनाउँदै सुशासनमुखी संयन्त्रको रूपमा विकास गर्न वाञ्छनीय भएकाले,<br>सङ्घीय संसदले यो ऐन बनाएको छ ।" |
| २. | मा. रघुजी पन्त | प्रस्तावना | विधेयकमा रहेको प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राख्नु पर्नेः<br>"सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धी व्यवस्था गरी सो सेवालाई राष्ट्रहित र सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध, राजनीतिक रुपमा तटस्थ, पेशागत रुपमा सक्षम, सुदृढ, सेवामूलक, जनउत्तरदायी र व्यावसायिक, पारदर्शी, परिणाममुखी र प्रविधिमैत्री बनाउँदै सुशासनमुखी संयन्त्रको रुपमा विकास गर्न वाञ्छनीय भएकाले,<br>सङ्घीय संसदले यो ऐन बनाएको छ ।" |
| ३. | मा. सुशिला सिर्पाली ठकुरी | प्रस्तावना | विधेयकमा रहेको प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राख्नु पर्नेः<br>" संघिय निजामति सेवाको गठन सञ्चालन र सेवाका शर्त सम्बन्धी  व्यस्था गरी सो सेवालाई राष्ट्रहित र सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध, समाजवाद उन्मुख, राजनीतिक रुपमा तटस्थ, पेशागत रुपमा सक्षम, सुदृढ, सेवामूलक, उत्तरदायी र व्यावसायिक, पारदर्शी, परिणाममुखी र प्रविधिमैत्री बनाउँदै सुशासनमुखी संयन्त्रको रुपमा विकास गर्न वाञ्छनिय भएकाले,<br>सङ्घीय संसदले यो ऐन बनाएको छ ।" |
| ४. | मा. चन्दा कार्की (भण्डारी) | प्रस्तावना | "राजनीतिक रुपमा तटस्थ हुने" मात्र भनेर हुँदैन । "राजनीतिको नाममा प्रशासनिक जिम्मेवारी पूरा नगर्ने, गैरजिम्मेवारीपूर्ण क्रियाकलाप गरी काम गर्ने माहोल र कार्यालयको अनुशासन बिथोली  संस्थालाई र सेवाग्राहीलाई नकारात्मक असर पार्नेले सजायको भागीदार बन्नेछ ।" भनी उल्लेख गर्नु पर्ने। |

| | | | |
|---|---|---|---|
| ५. | मा. रणेन्द्र बराली | प्रस्तावना | नेपालको संविधानको धारा ४० को उपधारा (१) मा नै राज्यको सबै निकायमा दलितहरुलाई समानुपातिक सिद्धान्तको आधारमा सहभागिताको हक हुनेछ भनिएको छ। विधेयकको प्रस्तावनमा पनि संविधानको प्रस्तावनामा जस्तै "समानुपातिक समावेशी र सहभागितामूलक" भन्ने शब्दहरु थप्नु पर्ने । |
| ६. | मा. महेन्द्र बहादुर शाही | प्रस्तावना | विधेयकमा रहेको प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राख्नु पर्ने:<br>"सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धी व्यवस्था गरी सो सेवालाई राष्ट्रहित र सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध, समाजवाद उन्मुख, राजनीतिक रुपमा तटस्थ, पेसागत रुपमा सक्षम, सुदृढ, सेवामूलक, जनउत्तरदायी र व्यावसायिक, पारदर्शी, परिणाममुखी र प्रविधिमैत्री बनाउँदै सुशासनमुखी संयन्त्रको रुपमा विकास गर्न वाञ्छनीय भएकाले,<br>सङ्घीय संसदले यो ऐन बनाएको छ ।" |
| ७. | मा. हेमराज राई | प्रस्तावना | प्रस्तावनाको दोस्रो हरफमा रहेको "राजनीतिक रूपमा तटस्थ" भन्ने शब्दहरुभन्दा अघि "समावेशी र" भन्ने शब्दहरु थप्नु पर्ने ।तेस्रो हरफको "उत्तरदायी र व्यवसायिक" भन्ने शब्दहरुको सट्टा "जनउत्तरदायी, व्यवसायिक, पारदर्शी, परिणाममुखी र प्रविधीमैत्री" भन्ने शब्दहरु राख्नु पर्ने । |
| ८. | मा. माधव सापकोटा | प्रस्तावना | "सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध" भन्ने शब्दहरूपछि "समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने" भन्ने शब्दहरु थप्नु पर्ने । "उत्तरदायी" भन्ने शब्दपछि "समानुपातिक र समावेशी" भन्ने शब्दहरु थप्नु पर्ने । "व्यावसायिक" भन्ने शब्दपछि "परिणममुखी र प्रविधि मैत्री" भन्ने शब्दहरु थप्नु पर्ने । |
| ९. | मा. योगेश कुमार भट्टराई | प्रस्तावना | "प्रतिबद्ध" भन्ने शब्दहरुपछि "राष्ट र नागरिकप्रति प्रतिबद्ध" भन्ने शब्दहरू थप्नु पर्ने।<br>"सुशासनमुखी" भन्दापछि रहेको "संयन्त्र" भन्ने शब्दको सट्टा "संगठनका" भन्ने शब्द राख्नु पर्ने । |
| १०. | मा. अच्युत प्रसाद मैनाली | प्रस्तावना | "सेवामूलक" भन्ने शब्दपछि "जनउत्तरदायी, पारदर्शी, परिणाममुखी, प्रविधिमैत्री र व्यावसायिक सेवा प्रवाहको सुनिश्चितता र उच्च मनोबलका साथ" भन्ने शब्दहरु थप्नु पर्ने । |
| ११. | मा. ठाकुर प्रसाद गैरे | प्रस्तावना | "सेवामूलक" भन्ने शब्दपछि "जनउत्तरदायी, पारदर्शी, परिणाममुखी, प्रविधिमैत्री र व्यावसायिक बनाउदै उच्च मनोबलका साथ" भन्ने शब्दहरु थप्नु पर्ने । |
| १२. | मा. प्रकाश ज्वाला | प्रस्तावना | पहिलो हरफको "सेवालाई" भन्ने शब्दपछि "समाजबाद उन्मुख" भन्ने शब्दहरु थप्नु पर्ने ।<br>तेस्रो हरफको "सुशासनमुखी" भन्ने शब्दपछि "स्थायी" भन्ने शब्द थप्नु पर्ने । |
| १३. | मा. विद्या भट्टराई | प्रस्तावना | "..लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध, जवाफदेही, पारदर्शी, राजनीतिक रुपमा तटस्थ, दलीय हस्तक्षेपबाट मुक्त ...सुशासनमुखी संयन्त्र जनमैत्री आचरण सहितको सेवा प्रवाह गर्ने संयन्त्रको रुपमा विकास गर्न बाञ्छनीय भएकोले," भन्ने शब्दहरु थप गर्नु पर्ने । |

| | | | |
|---|---|---|---|
| १४. | मा. प्रेम सुवाल | प्रस्तावना | प्रस्तावनामा रहेको “राष्ट्रहित” भन्ने शब्दको सट्टा “देशहित” भन्ने शब्द राख्ने । साथै “देश र जनताको हितमा भ्रष्टाचार, पक्षपात, कमिशन, कालोबजारी, नातावादको खुलेर विरोध गरी” भन्ने शब्दहरु थप्नु पर्ने । |
| १५. | मा. राजेन्द्र प्रसाद पाण्डे, मा. प्रकाश ज्वाला, मा. मेटमणी चौधरी, मा. अम्मर बहादुर थापा, मा. शेर बहादुर कुँवर | प्रस्तावना | पहिलो हरफको "सेवालाई" भन्ने शब्दपछि "क्षतिपूर्ति सहितको नागरिक सेवाको सुनिश्चितता सहितको समाजवाद उन्मुख" भन्ने शब्दहरु थप्नु पर्ने ।<br>तेस्रो हरफमा रहेको "सुशासनमुखी" भन्ने शब्दपछि "स्थायी" भन्ने शब्द थप्नु पर्ने । |
| १६. | मा. दामोदर पौडेल बैरागी, मा. अमर बहादुर रायमाझी, मा. दिपा शर्मा, मा. अमृतलाल राजवंशी, मा. सराज अहमत फारुकी | प्रस्तावना | “सेवामूलक” भन्ने शब्दपछि “जनउत्तरदायी, पारदर्शी, परिणाममुखी, प्रविधिमैत्री र व्यावसायिक बनाउदै उच्च मनोबलका साथ” भन्ने शब्दहरु थप्नु पर्ने । |
| १७. | मा. सुर्य प्रसाद ढकाल | प्रस्तावना | राजनीतिक रुपमा तटस्थ हुनु पर्ने, आस्थाका आधारमा सङ्घ संगठन खोल्न नपाइने व्यवस्था गर्नु पर्ने । |
| १८. | मा. शिव नेपाली | प्रस्तावना | "पेशागत रुपमा सक्षम" भन्ने शब्दहरुपछि "समावेशी" भन्ने शब्द थप्नु पर्ने । |
| १९. | मा. रुपा वि.क.,<br>मा. पुष्पबहादुर शाह | प्रस्तावना | "प्रतिबद्ध" भन्ने शब्दपछि "समावेशी" भन्ने शब्द थप्नु पर्ने । |
| २०. | मा. चन्द्र बहादुर विश्वकर्मा | प्रस्तावना | "प्रतिबद्ध" भन्ने शब्दपछि "समावेशी" भन्ने शब्द थप्नु पर्ने । |
| २१. | मा. जीवन परियार, मा. शान्ति वि. क., मा. आशा वि.क., मा. सिता मिजार | प्रस्तावना | "प्रतिबद्ध" भन्ने शब्दपछि "समावेशी" भन्ने शब्द थप्नु पर्ने । |
| २२. | मा. ईश्वरी घर्ति | प्रस्तावना | “राजनीतिक रूपमा तटस्थ” भन्ने शब्दहरुपछि “समानुपातिक समावेशी;” भन्ने शब्दहरु थप्नु पर्ने । |
| २३. | मा. अमनलाल मोदी | प्रस्तावना | “राजनीतिक रूपमा तटस्थ” भन्ने शब्दहरुपछि “समानुपातिक समावेशी;” भन्ने शब्दहरु थप्नु पर्ने । |
| २४. | मा. सुदन किराती | प्रस्तावना | “राजनीतिक रूपमा तटस्थ” भन्ने शब्दहरुपछि “समानुपातिक समावेशी;” भन्ने शब्दहरु थप्नु पर्ने । |
| २५. | मा. सुशिला श्रेष्ठ | प्रस्तावना | “राजनीतिक रूपमा तटस्थ” भन्ने शब्दहरुपछि “समानुपातिक समावेशी;” भन्ने शब्दहरु थप्नु पर्ने । |
| २६. | मा. मिना तामाङ | प्रस्तावना | “राजनीतिक रूपमा तटस्थ” भन्ने शब्दहरुपछि “समानुपातिक समावेशी;” भन्ने शब्दहरु थप्नु पर्ने । |

| | | | |
|---|---|---|---|
| २७. | मा. कल्पना मियाँ कुसारी | प्रस्तावना | "राजनीतिक रूपमा तटस्थ" भन्ने शब्दहरुपछि "समानुपातिक समावेशी;" भन्ने शब्दहरु थप्नु पर्ने । |
| २८. | मा. सुर्यमान तामाङ (दोङ) | प्रस्तावना | "सो सेवालाई" भन्ने शब्दहरुपछि "समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा" भन्ने शब्दहरु थप्नु पर्ने । |
| २९. | मा. सरस्वती सुब्बा,<br>मा. निर्मला कोइराला | प्रस्तावना | "सेवामूलक, उत्तरदायी" भन्ने शब्दहरुपछि "समानूपातिक समावेशी र प्रविधिमैत्री" भन्ने शब्दहरु थप गर्ने । |
| ३०. | मा. पूर्ण बहादुर घर्ति | प्रस्तावना | "सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध" भन्ने शब्दहरूपछि "समाजवाद उन्मुख" भन्ने शब्दहरु थप्नु पर्ने । |
| ३१. | मा. दुर्गा राई | प्रस्तावना | "राजनीतिक रुपमा तटस्थ" भन्ने शब्दहरुपछि "समानुपातिक समावेशी" भन्ने शब्दहरु थप गर्ने । त्यसपछि पेशागत रुपमा जोड्ने । |
| ३२. | मा. तेजुलाल चौधरी | प्रस्तावना | "राजनीतिक रुपमा तटस्थ" भन्ने शब्दहरुको सट्टा "गैरराजनीतिक" भन्ने शब्द राख्नु पर्ने । |
| ३३. | मा. गगनकुमार थापा,<br>मा. बद्रीप्रसाद पाण्डे,<br>मा. जीवन परियार, मा. प्रतिमा गौतम, मा. कुसुमदेवी थापा,<br>मा. सीता मिजार | १ | उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने:-<br>(१) यस ऐनको नाम "सार्वजनिक सेवा ऐन, २०८० (Public Service Act,2080)" रहेको छ ।<br>(यसै अनुसार विभिन्न दफामा रहेका "निजामती सेवा" को ठाउँमा "सार्वजनिक सेवा" बनाउने।)<br>**नोट**: प्रस्तुत विधेयकलाई सरकारी सेवाको Human Resource Management सम्बन्धी विधेयकको रुपमा विकास गरी सार्वजनिक सेवा ऐन बनाउने ।<br>(क) सरकारी सेवालाई निजामती सेवा, Judicial services, र Constitutional Services गरी तीन सेवामा वर्गिकरण गर्ने ।<br>(ख) निजमाती सेवा अन्तर्गतका कर्मचारी कार्यपालिका अन्तर्गत रहने सरकारी निकायहरुमा काम गर्ने सेवा कायम गर्ने; Judicial Services लाई न्यायपालिका अन्तर्गतका निकायमा काम गर्ने गरी सेवा कायम गर्ने र Constitutional Services लाई संसद तथा संवैधानिक निकाय तथा अंगमा काम गर्ने गरी सेवा कायम गर्ने ।<br>(ग) प्रत्येक सेवाका कर्मचारी तत्-तत् सेवा अन्तर्गतको पदहरुमा मात्र सरुवा वा बढुवा हुन सक्ने ।<br>(घ) प्रत्येक सेवा अन्तर्गत हाल निजामती सेवामा रहे अनुसारको समूह तथा उपसमूहहरुको व्यवस्था गर्ने ।<br>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने:- |